# साझा लिम्बुवान

Sajha Limbuwan

साप्ताहिक पत्रिका

❑ वर्ष-१ ❑ अङ्क-७ ❑ २०६५ साल भदौं १ ❑ 17 Aug 2008 ❑ मूल्य रु. ५।-


# गणतान्त्रिक नेपालको प्रथम प्रधानमन्त्री प्रचण्ड

❑लोकसागर साम्बा

संविधानसभाको दुई तिहाई बढी मत ल्याई माओवादी पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गणतान्त्रिक नेपालको प्रथम प्रधानमन्त्रीमा निर्वाचित भएका छन् ।

राष्ट्रिय सहमतिको सरकार बनाउन राष्ट्रपतिले दिएको समयसिमा सकिएपछि मत विभाजन प्रकृयाको आधारमा बहुमतीय पद्दति अनुसार प्रधानमन्त्रीको निर्वाचन भएको थियो । यस पद्दति अनुसार प्रधानमन्त्री पदका प्रत्यासीमा नेपाली कांग्रेसका शेर ब. देउवालाई पराजित गरेर माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बनेका छन् ।

प्रधानमन्त्री पदका लागि श्रावण ३० गते शुक्रबार भएको निर्वाचनमा कुल ५७७ मत खसेकोमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले ४ सय ६४ मत प्राप्त गरेका थिए । उनको प्रत्यासी शेर बहादुर देउवाको पक्षमा भने १ सय १३ मत मात्र खसेको थियो । प्रचण्ड अन्तरिम संविधानको धारा ३८(२) अनुरुप वहुमतको प्रधानमन्त्री भएका छन् । नव निर्वाचित प्रधानमन्त्री प्रचण्डले भदौ २ गते सोमबार राष्ट्रपति समक्ष शपथ लिनेछन् ।



प्रधानमन्त्री बनेका प्रचण्डलाई संविधानसभामा प्रतिनिधित्व गर्ने अरु २१ दलको समर्थन पाएका थिए । नेपाली कांग्रेस एक्लै विपक्षमा उभिएको थियो । राष्ट्रिय जनशक्ति पार्टी, नेमकिपा र राष्ट्रिय जनमोर्चा निर्वाचनमा सहभागी भएनन् । जन भावना अनुरुप राष्ट्रिय सहमतीको सरकार गठन हुन नसकेकोले आफुहरू तटस्थ बसको ती दलले जानकारी गराए ।

सहमतीको सरकार बन्न नसकेपछि माओवादी, एमाले र फोरमको तीन दलीय नयाँ गठबन्धन बनेपछि अध्यक्ष प्रचण्डले उमेरद्वारी दर्ता गरेका थिए । उनको उमेरद्वारीको प्रस्तावकमा एमाले महासचिव झलनाथ खनाल र समर्थकमा फोरम अध्यक्ष उपेन्द्र यादव रहेका थिए ।

संविधानसभाको निर्वाचन सम्पन्न भएको चार महिना पछि मुलुकले बल्ल गणतान्त्रिक नेतृत्व पाएको छ । गणतान्त्रिक नयाँ नेपालको नेतृत्व गर्ने जिम्मा ११ बर्षे जनयुद्धबाट शान्ति प्रक्रियामा आएका माओवादीका अध्यक्ष प्रचण्डको काँधमा परेको छ । लामो भूमिगत राजनीतिबाट शान्ति प्रक्रिया सँगै खुल्ला राजनीतिमा आएका प्रचण्ड ०५१ सालमा तत्कालीन एमालेका अध्यक्ष मनमोहन अधिकारी पछिको दोस्रो निर्वाचित कम्युनिष्ट प्रधानमन्त्री हुन् । कांग्रेसका पराजित प्रत्यासी शेर बहादुर देउवाले प्रचण्डलाई वधाई तथा शुभकामना दिदै आफ्नो पार्टीले शसक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएका छन् । उनले सरकारको हरेक क्रियाकलाप निगरानी गर्ने, साथै सहयोग र विरोध दुवै गर्ने बताएका छन् ।

प्रधानमन्त्रीमा निर्वाचित हुनु अघि शुक्रबारै प्रचण्डले जनमुक्ति सेनाको सर्वोच्च कमाण्डर पद त्यागेका छन् । शुक्रबार जारी विज्ञप्तीमा उल्लेख भए अनुसार सोही मिति देखि नै कुनै पनि पार्टी सदस्यहरु जनमुक्ति सेनाको कुनै पनि जिम्मेवारीमा रहने छैनन् ।

वाईसिएलको अर्धसैनिक गतिविधि अन्त्य गर्ने, द्वन्द्वको क्रममा नियन्त्रण लिइएका निजी तथा सार्वजनिक जग्गा, कार्यालय, कलकारखाना सम्बन्धीत पक्षलाई फिर्ता गर्ने प्रतिवद्धता जनाइएको छ । साथै द्वन्द्वका समयमा खडा गरिएका राज्यका समानान्तर प्रकृतिको संरचनाहरू अन्त गर्ने घोषणा गरिएको छ ।

## संखुवासभामा लिम्बुवानको चहलपहल

खाँदबारी/ लिम्बुवानको ऐतिहासिक महत्व बोकेको संखुवासभामा लिम्बुवान स्वायत्त राज्य प्राप्तिको लागि चहलपहल बढेको छ ।

लिम्बुवानका प्रत्येक आन्दोलनमा शुस्त रहने गरेको संखुवासभा जिल्लामा मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद पुगेपछि चहलपहल तीब्र बनेको हो । "लिम्बुवान बारे यहाँको जनता स्पष्ट रहेपनि कसरी अघि बढ्ने भन्ने बारे अल्मलिएका रहेछन् । जब हाम्रो संगठन संखुवासभामा प्रवेश गऱ्यो, यहाँका जनता धेरै खुशी भए र लिम्बुवानको वहसले तीब्र रुप लियो" -CCO सचिव फक्ताङलुङ योङहाङले भने ।

संखुवासभामा मञ्च सम्बद्ध परिषदको जिल्ला कार्य समिति गठन पश्चात जारी प्रेश विज्ञप्तिमा इतिहासमा स्वतन्त्र रहेको लिम्बुवान यतिवेला स्वायत्त राज्य प्राप्तिको लागि आन्दोलन गरिरहेको जनाईएको छ । अहिलेको आन्तरिम सरकारसँग दुरगामी असर पर्ने खालको कुनै पनि सम्झौताहरू गर्ने अधिकार नभएकोले त्यस्तो सम्झौता तत्काल रोक्न सम्बन्धीत पक्षसँग आग्रह समेत गरिएको छ ।

लिम्बुवान क्षेत्र भित्र पर्ने अरुण तेस्रो जलविद्युत आयोजना सरोकारवालाहरुसँग नसोधी काम गर्न लागिएको प्रति ध्यानाकर्षण भएको जनाउँदै भारतको सतलज कम्पनीलाई सम्झौता खारेज गर्न आग्रह गरिएको छ भने अब उप्रान्त जल, जंगल र जमीन माथिको अधिकार पुरै निगरानी राख्ने जनाईएको छ । साथै नेपाल सरकार र गणतान्त्रिक राष्ट्रिय मोर्चा बीच २०६४ फाल्गुन १८ गतेको ५ बुँदे सहमति तत्काल कार्यान्वयन गर्नुपर्ने, नभए आन्दोलन थाल्ने समेत विज्ञप्तीमा भनिएको छ ।

स्वायत्त लिम्बुवान प्राप्तिको आन्दोलनमा थप उर्जा प्रदान गर्न 'संयुक्त लिम्बुवान मोर्चा' नेपाल निर्माण भएकोमा जिल्ला कार्य समितिले खुशी प्रकट गर्दै अब आधुनिक लिम्बुवान स्वायत्त राज्य निर्माणको लागि सम्पूर्ण संखुवासभावासीलाई एकजुट हुन समेत विज्ञप्ती मार्फत आग्रह गरिएको छ ।

## लिम्बू विद्यार्थीहरुको सम्मेलन

दमक/लिम्बू विद्यार्थी मञ्च झापा जिल्लाको आगामी भदौं २१ गते शनिबार सम्मेलन हुने भएको छ ।

गत साउन ११ गते झापाको दमकमा बसेको वैठकले सम्मेलनको निर्णय गरेको हो । यस जिल्ला सम्मेलनमा झापा जिल्ला भरिका लिम्बू विद्यार्थीहरुलाई सहभागीताको लागि आव्हान गरिएको छ । भदौं २१ गते तोकिएको सम्मेलन झापा दमकको किरात भवनमा हुने भएको छ । विहान १० बजे देखि सम्मेलन शुरु हुने बताइएको छ । लिम्बू विद्यार्थी मञ्च को महाधिवेशन भने आगामी असोज ३, ४ र ५ गते सुनसरीमा हुने भएको छ ।

## चेम्जोङ वंशावली विमोचन

**काठमाडौं/** लिम्बुवान माटोको माग व्यापकरुपमा उठिरहेको बेलामा लिम्बुवानमै बसोबास गर्ने एक मुख्य जाति लिम्बु चेम्जोङहरूको ऐतिहासिक वंशावली पुस्तकको विमोचन साउन १२ गते जाउलाखेल, स्टाफ कलेजमा भएको छ ।

"मंगोल किरात लिम्बू संक्षिप्त इतिहास, थाकथाकु मावोहाङ चेम्जोङ वंशावली" नाम गरेको ४२० पेजको पुस्तक प्राज्ञ वैरागी काईलाले विमोचन गर्नुभएको हो । किरात लिम्बुवानको इतिहास लिम्बू संस्कृति, धर्म, किपट जस्ता विषयहरूको समावेश उक्त वंशावलीमा गरिएकोले वर्तमान लिम्बुवान स्वायत्त राज्य प्राप्तिको आन्दोलनमा यस वंशावलीले सहयोग गर्ने टिप्पणीकार वक्ताहरूले बताए । प्रमुख अतिथि वैरागी काईलाले यस्ताखाले वंशावलीको प्रकाशनले लिम्बूहरूको समग्र इतिहासको खोज र अनुसन्धानमा टेवा पुग्ने वताउनु भयो । वंशावली विमोचन कार्यक्रममा संघीय लिम्बुवान राज्य परिषदका अध्यक्ष कुमार लिङदेन, कियाचु महासचिव योगराज वनेम, सभासदहरू पूर्ण कुमार सेर्मा, डम्बर सिंह सम्बाहाम्फे, ध्रुवराज आङदेम्बे, हरिराज खेवा लगायतको उपस्थिति थियो ।

थाकथाकु मावोहाङ चेम्जोङ वंश उत्थान संघको अध्यक्ष टेकरत्न चेम्जोङको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य महासचिव जितेन्द्र चेम्जोङले र धन्यवाद मन्तव्य मिनप्रसाद चेम्जोङले राख्नु भएको थियो ।

## याक्थुङ् फुङ रिलिजको तयारीमा

❑नुगेन नेम्बाङ्

पान्थर/फेम पन्धाकको गीत, संगीत छायाङ्कन तथा प्रस्तुतिमा आधारित किशोर सुब्बाको निर्देशन र कसम खवासको सह-निर्देशन रहेको लिम्बू भाषामा आधारित चलचित्र 'याक्थुङ फूङ'को छायांकन सकिन लागेको छ ।

लिम्बुवानको नौ वटै जिल्लाको ऐतिहासिक स्थलहरूलाई समेटेर छायांकन गरिएको उक्त 'याक्थुङ फुङ' चलचित्रले आज भन्दा ४० बर्ष अगाडिको लिम्बुवानको लिम्बूहरूको संस्कृतिलाई यथार्थ रुपमा उतारेर अहिलेका लिम्बू भाषा, लिपिहरू विर्सिएका युवापिढी अनि लिम्बू समूदायलाई पूनर्जागरण गराउनु पर्छ भन्ने सत्य तथ्य कुराहरूलाई चलचित्रमा देखाईन्न खोजिएको छ । उक्त चलचित्रका कलाकारहरूमा मित्र लिङदेन, स्थिति तुम्बापो, तेनेहाङ आङदेम्बे, तेजु सम्बाहाम्फे, राजकुमारी आङदेम्बे, पुष्पा आङदेम्बे, सिता नेम्बाङ्ग, नरेन्द्र केरुङ, सागर केरुङ्, सिर्जना लिङदेन र लिला कुगेनाम्बा रहेका छन् । चलचित्र दशैंसम्ममा लिम्बुवानवासीमा प्रदर्शन गर्ने सो सुटिङ्ग युनिटबाट जानकारी प्राप्त हुन आएको छ ।

## म्याराथुन दौडमा सहभागी हुनेहरूका लागि विशेष जानकारी

*विश्व म्याराथुन दिवसको उपलक्ष्यमा ३१ अगस्ट २००८ मा यूएनएचसीआर र कारितास नेपालले विभिन्न संघसंस्थाहरूको सहभागितामा म्याराथुन दौडको आयोजना गरेको हुँदा १८ बर्ष माथिका इच्छुक महिला तथा पुरुषलाई नाम दर्ताका लागि आव्हान गर्दछौं । सहभागीहरूको सुविधाका लागि नाम दर्तालाई विभिन्न ठाउँको व्यवस्था गरिएको हुँदा आफूलाई सहज पर्ने स्थानमा २५ अगस्ट २००८ अर्थात् भदौ ९ गतेसम्ममा नाम दर्ता गराउन सकिने जानकारी गराईन्छ ।*

| स्थान | सम्पर्क व्यक्ति/संस्था | दर्ता स्थान |
|---|---|---|
| विर्तामोड | नरेन्द्र बराल<br>गौरीशंकर गुप्ता | आसेन फर्मा, शनिश्चरे रोड<br>अमृता मेडिकल हल, शनिश्चरे रोड |
| भद्रपुर | नेरेसो भद्रपुर | रत्न सञ्चार सेवा |
| उर्लाबारी र पथरी | सागर | बजाज सो-रुम उर्लाबारी |
| काँकडभिट्टा र धुलाबारी | विजय डालमिया | मेचीनगर उ.वा.संघको कार्यालय |
| दमक | श्री तीर्थनारायण श्रेष्ठ<br>गोपाल अग्रवाल | दमक नगरपालिका<br>दमक स्टेशनरी, दमक चोक |
| कारितास नेपाल र शरणार्थी शिविर | फा. पिटर जोङ लेप्चा<br>प्रल्हाद दाहाल | कारितास नेपाल |

- प्रतियोगितामा भुटानी शरणार्थी र अन्य नागरिकले भाग लिन पाउने छन् ।
- विजयी महिला तथा पुरुषलाई अलग-अलग प्रथम, द्वितीय र तृतीय क्रमशः २०,०००। १०,०००।- नगद पुरस्कारद्वारा पुरस्कृत गरिनेछ ।
- चौथौंदेखि १० औं सम्मका महिला पुरुषलाई अलग-अलग रु. २ हजारको दरले सान्त्वना पुर
- पुरस्कृत व्यक्तिहरूले नशालु पदार्थ सेवन गरेको पाइएमा पुरस्कारबाट बञ्चित गरिनेछ ।

| | | |
|---|---|---|
| फा. भर्की पेरेकेट एस.जे.<br>सभापति<br>(आयोजक समिति) | श्री नवीन उप्रेती<br>उपसभापति<br>(आयोजक समिति) | श्री राजेन्द्रकुमा<br>(संयोज<br>स-आयोजक |

**सहआयोजक**

नेपाल औषधी व्यवसायी संघ मेची
नेपाल खेलकूद विकास समिति, झापा
नेरेसो दमक, दमक जेसीज
दमक उद्योग वाणिज्य संघ, माउन्ट एभरेष्ट
लायन्स क्लब अफ दमक

**आयोज**

कारितास
युएनएचसी

## सम्पादक मण्डल

**सल्लाहकारहरुः–** येहाङ् लाओती, ज्ञान बहादुर गुरुङ्, वाङ्गाई धिमाल, डूपछिरीङ् काजी लेप्चा, हरिदेवी राई लाओती, इन्द्र कुमार श्रेष्ठ, ज्ञानुहाङ इम्बुङ्

**प्रधानसम्पादक**
सुरेन्द्र लिम्बू

**सम्पादक/प्रकाशक**
लोकसागर साम्बा

**सहायक सम्पादक**
कमन देवान

**सम्पादन सहयोगी**
नगेन्द्र राई

**प्रबन्धक**
राजकुमार पापो

**प्रतिनिधिहरुः–** दिपेन्द्र नेम्बाङ्, चन्द्रगोपाल चेम्जोङ्

**ठेगानाः–** साझा लिम्बुवान साप्ताहिक
दमक–१०, बेलडागी रोड, झापा
फोन/फ्याक्स नं. ०२३–५८१८९१
सम्पर्क मो. नं. ९८४२६३१६२१
Email-sajhalimbuwan@gmail.com
Computer- Dil kumar Lawati


## सम्पादकीय

# सबैको अस्तित्व स्वीकार हुनुपर्छ

*संविधान सभाको निर्वाचन भएको चार महिना पछि मुलुकले बल्ल नयाँ नेतृत्व पाएको छ । नयाँ नेपालको नयाँ नेतृत्व कसले गर्ने र प्रथम गणतान्त्रिक प्रधानमन्त्रीको सु–अवसर कसले प्राप्त गर्ने ? भन्ने आपसी धमिलो दौडको प्रतियोगिता अन्त्य भई अन्ततः संविधानसभाको निर्वाचनबाट ठूलो दलको रुपमा स्थापित भएको नेकपा माओवादी पार्टीका अध्यक्ष प्रचण्डले नै त्यो अवसर प्राप्त गरी गणतान्त्रिक नेपालको प्रथम प्रधानमन्त्री बने ।*

*नयाँ नेपालको नयाँ नेतृत्वको टुङ्गो लागे पछि अब जटिल प्रश्न छ, नयाँ नेपाल कसरी अघि बढ्छ ? पक्कै पनि सोचेको र वोलेको जस्तो सजिलो नयाँ नेपालको नेतृत्व गर्नु हुनेछैन । संविधानसभाको निर्वाचनबाट दोस्रो ठूलो दलको रुपमा मान्यता पाएको नेपाली कांग्रेस प्रतिपक्षमा उभिनु पनि यसको ज्वलन्त उदाहरण हुन सक्छ । विगतका वर्षहरूको कांग्रेसी राजनीतिक खेललाई गहिरो रुपमा अध्ययन नगरिए पून: धमिलो दौडको शुरुवात नहोला भन्न सकिन्न ।*

*राष्ट्रिय सहमतिको सरकार गठनको समयसिमासम्म सहमति बन्न नसकेपछि राष्ट्रिय असहमतिकै सरकार बनेपनि दुई तिहाई भन्दा बढी मत पाएर सरकारको टुङ्गो लागेको हो । २१ दलको समर्थन पाएर प्रधानमन्त्री बनेका प्रचण्डले यो कुरा बुझ्नु अत्यन्तै जरुरी छ । गणतन्त्र नेपालको नेतृत्व गर्ने प्रथम अवसर पाएका प्रचण्डले अब उनलाई समर्थन गर्ने अन्य दलहरूको अस्तित्वलाई पनि सम्मान र स्वीकार गर्नै पर्ने हुन्छ । माओवादीले भने जस्तै कार्यकारी अधिकार सहितको प्रधानमन्त्री प्रचण्डको नेतृत्वमा मुलुक अगाडि बढाउने जिम्मा पाएको छ । तर उनले प्रतिवद्ध गरेको र देखाएको आस्वासन जस्तै राज्यको पून:संरचना हुन सक्छ कि सक्दैन ? यस मुलुकमा रहेका जनताले सर्वपक्षीय उच्च सम्मान प्राप्त गर्छन् कि गर्दैनन् ? यस मुद्दामा अन्य दलको समर्थन जुट्न सक्छ कि सक्दैन ? यी प्रश्नहरू नै नयाँ नेपाल निर्माणका प्रश्नहरु हुन् । यसको समाधान नै नयाँ गणतान्त्रिक नेपालको नयाँ नेतृत्व गर्ने नयाँ प्रधानमन्त्री प्रचण्डको कर्तव्यका विषय हुन् ।*

# लिम्बुवान आन्दोलन र CCO अभियान

*कुमार लिङ्देन 'मिराक'*

यही श्रावण २९ गते मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका CCO सचिव फक्ताङ्लुङको अगुवाईमा संखुवासभा जिल्लाको खाँदबारीमा पत्रकार सम्मेलनको आयोजना गरी इन्द्र लिङथेपको संयोजकत्वमा एघार सदस्यीय स.लि.रा. परिषद संखुवासभा जिल्ला कार्य समिति गठन भएको घोषणा गरियो । यस घोषणासँगै लिम्बुवानको नौं वटै जिल्लाहरूमा यस परिषदको सांगठानिक जालो पुगेको छ । यति छोटो समयमा लिम्बुवानका जनताहरूको मनहरू जित्दै जानु र लिम्बुवान आन्दोलनलाई यो उचाईसम्म ल्याई पुर्‍याउन सक्नु यो परिषदको ठूलो सफलता हो । यो परिषदको सफलताको पछि CCO अभियानको ठूलो हात रहेको छ ।

CCO अभियान भनेको मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदले संचालन गरिरहेको सांगठानिक अभियान हो । यसको अर्थ c=contact सम्पर्क, c=counciling सरसल्लाह र o=organization संगठन हो । सबैभन्दा पहिले को कहाँ छ, भेटघाट गर्ने, सम्पर्क गर्ने, त्यसपछि ऊ सँग सरसल्लाह गर्ने, लिम्बुवानको दु:ख, सुखको बारेमा दिल खोलेर कुराकानी गर्ने, वार्ता, वहश र छलफल गर्ने र अन्त्यमा उसलाई यस परिषदको सांगठानिक जालोमा आवद्ध गराउने । यो तीन चरणको अभियानलाई नै CCO भनिन्छ ।

यो अभियानको अवधारणा कसरी आयो ? यस बारेमा छलफल गरौं । लिम्बुवान आन्दोलनलाई उचाईमा पुर्‍याउन लिम्बुवानका जनताहरूमा लिम्बुवानी भावना/विचार उमार्नु पर्दथ्यो र लिम्बुवान व्यापी शसक्त संगठनको आवश्यकता थियो । लिम्बुवानका तरेबा–तरेमाहरू बर्षदिनको पर्खाइ पछि मेला बजारमा भेटघाट हुन्थे, मुटु नै चुडिने खालका पालम गाएर धान नाच्थे, जीवनका सुन्दर सपनाका बारेमा कुराकानी गर्थे, एक आपसमा खाजा किनिदिन्थे, अनि छुट्टिने बेलामा भक्कानो फुटाएर रुन्थे । तर ति तरेबा–तरेमाहरूको मिठो पालाम भित्र काङसोरेको कथा, लिम्बुवानको व्यथाहरूले ठाउँ नपाईरहेको अवस्था थियो । ति तरेबा–तरेमाहरूले तीनघण्टा माया, प्रेमको कुरा गर्दा तीन मिनेट लिम्बुवानको बारेमा पनि गफगाफ गरिदिएको भए कस्तो हुन्थ्यो होला तर त्यस्तो भईरहेको थिएन । अर्कोतिर, कुनै–कुनै ठाउँहरूमा लिम्बुवानको भाषा, इतिहासलाई साह्रै माया गर्ने एक, दुई व्यक्तिहरू पनि हुन्थे । तर ताप्लेजुङमा भएको लिम्बुवान प्रेमी व्यक्ति र धनकुटामा भएको लिम्बुवान प्रेमी व्यक्तिको कुनै सम्पर्क, चिनजान नै हुँदैनथ्यो । आ–आफ्नो ठाउँमा एक्ला एक्लै लिम्बुवानको लागि काम गरिरहेका हुन्थे । यस्तो पनि देखियो, कुनै ठाउँका युवा–युवतीहरू आफसेआफ लिम्बुवान प्रति माया गर्न थाल्दथे । उनीहरू लिम्बुवान मुक्तिको बारेमा केहि जान्न चाहान्थे, संगठित हुन चाहान्थे । तर उचित स्रोत व्यक्ति र संगठनको अभावमा ति उत्सुक यूवा–युवतीहरूको जोश, जाँगर त्यतिकै पलायन हुन्थ्यो । सबैभन्दा उदेकलाग्दो अवस्था के थियो भने– कोही व्यक्ति काठमाडौं गयो भने पोखराका मान्छेसँग परिचय गर्दा म ताप्लेजुङको, म पान्थरको, म तेह्रथुमको भनेर परिचय दिन्थ्यो । उसले गर्वका साथ भन्नु सक्नुपर्दथ्यो– म लिम्बुवानको, मेरो घर लिम्बुवानको ताप्लेजुङ्मा पर्छ, मेरो ससुराली लिम्बुवानको मोरङमा पर्छ । तर अफ्सोच त्यस्तो हुन सकिरहेको थिएन । अझ अर्को उदेकलाग्दो कुरा के थियो भने लिम्बुवानका लिम्बू नेताहरूको चिन्तनशैली । पञ्चायत कालमा होस् वा वहुदलकालमा लिम्बुवानमा लिम्बू नेताहरूको उपस्थिति थियो । आशा के हुन्थ्यो भने ताप्लेजुङ्बाट चुनाव जितेको कुनै नेताले संखुवासभाबाट चुनाव जितेको कुनै नेतासँग सम्पर्क गरोस् । पान्थरको नेता र धनकुटाको नेता, इलाम र मोरङको नेता बीचमा भेटघाट, सम्पर्क होस् । कम्तिमा यो नौं जिल्ला लिम्बुवानका नेताहरूमा चिनापर्ची गरियोस्, सम्पर्क वढाईयोस् ताकि विस्तारै लिम्बुवानी भावना बढोस् । तर त्यस्तो कहिले हुन सकेन । नेताहरू आफ्नो निर्वाचन क्षेत्रको वीस वा पच्चीस गा.वि.स. भित्र मात्र सिमित रहे । लिम्बुवान भनेको निर्वाचन क्षेत्रको तेईस वटा गा.वि.स. मात्र होइन, लिम्बुवान भनेको अरुण पूर्वको नौ वटा जिल्लाहरू हो । संखुवासभाको मान्छेले खान पाएन भने पान्थरको मान्छेले अन्न जुटाएर पठाई दिनु पर्छ । ताप्लेजुङमा हिउँ पर्‍यो भने मोरङमा जाडो महसुस हुनुपर्छ– त्यो लिम्बुवानी भावना हुनेछ । यस्तो हुनु पर्थ्यो तर त्यस्तो कहिले भईरहेको थिएन ।

यी विसंगतिहरूलाई कात्रा चिरे झैं चिरेर शशक्त लिम्बुवानी भावना जगाउन र लिम्बुवान व्यापी संगठन निर्माण गर्न हामीले CCO अभियान संचालन गर्ने निर्णय गर्‍यौं । यस अभियान अन्तर्गत हामीले हजारौं तरेबा, तरेमाहरूलाई सम्पर्क गरेर भेट्यौं र उनीहरूसँग यस्तो कुराकानी गर्‍यौं – तपाईहरू माया प्रितिको पनि कुरा गर्नुस् र त्यसको साथसाथै लिम्बुवानको पनि कुरा गर्नुस् । जसरी तपाई आफ्नो तरेमा/तरेबालाई माया गर्नुहुन्छ त्यसरी नै एकपल्ट लिम्बुवानलाई पनि माया गरेर त हेर्नुहोस् । लिम्बुवान नै रहेन भने माया–प्रितिको घर कहाँ बनाउने होला ? भनेर उनीहरुलाई नम्र भाषामा सोध्यौं । भारत की चर्चित लेखिका अमृता प्रितमले 'एक थी सारा' नामक उपन्यासमा लेख्नु भएको –"म आकाश वेचेर ताराहरू किन्दिन" भन्ने वाक्यंश सुनायौं । हामीसँग झिलिमिलि ताराहरू भएपनि ति ताराहरू राख्ने आकाश नै छैन भने त्यसको के अर्थ हुन्छ र ? भन्यौं । हामी पढेर डिग्री हासिल गर्छौं, विदेश गएर पैसा कमाउँछौं तर हाम्रो लिम्बुवान भूमि नै रहेन भने त्यो डिग्री र त्यो पैसा पनि अर्थहिन हुने रहेछ भन्यौं । लिम्बुवानको अस्तित्व वेगरको राजनीति, विकास र साहित्यको कुनै अर्थ रहेनछ भन्यौं ।

लिम्बुवानका विभिन्न ठाउँमा बसेर भाषा, लिपिको लागि एक्ला एक्लै लडिरहेको व्यक्तिहरूलाई भेटेर भन्यौं– "आज टिमवर्कको जमाना छ, नेटवर्कको जमाना छ, त्यसैले सं.लि.रा. परिषदमा संगठित भएर संघर्ष गरौं, एक्लो आवाज आज कसैले सुन्दैन, संगठन नै शक्ति हो ।" हाम्रो प्रस्ताव र भावनालाई सहर्ष स्वीकार गरी हजारौं लिम्बुवान प्रेमीहरू यस परिषदमा संगठित हुनुभयो ।

लिम्बुवान भन्न लजाउनेहरूलाई हामीले भन्यौं– "गर्वले भन, हामी लिम्बुवानवासी हौं ।" हामीले एउटा नारा अघि सार्‍यौं –"नेपाल हाम्रो देश हो, लिम्बुवान हाम्रो घर हो (Nepal is our country, Limbuwan is our homeland)" लजाउनेहरूको लाज विस्तारै हराउँदै गयो । साथीभाई भेटघाट हुँदा, "जय लिम्बुवान", "काङसोरे अभिभादन", "लिम्बुवानी अभिभादन" जस्ता शब्दहरू प्रयोग गर्न थाल्यौं । आज जताततै 'जय लिम्बुवान' भनेको सुन्न पाईन्छ ।

हामीले लिम्बुवानका नेताहरूलाई विनम्र अनुरोध गर्‍यौं– "तपाईहरूको दृष्टिकोण र चिन्तनलाई लिम्बुवानीकरण गर्नुस् । आफ्नो निर्वाचन क्षेत्रको तेईसवटा गा.वि.स.लाई सबैथोक नसम्झिनोस्, सोचाईहरूलाई लिम्बुवानभरि घुमाउनुहोस् । कुनै संगठन बनाउनु छ भने कम्तिमा लिम्बुवान भरिको संगठन बनाउनुस् । भोली लिम्बुवान प्राप्त गरेपछि यो जिल्ला र निर्वाचन क्षेत्रहरूको सिमाना परिवर्तन हुन्छ ।" हाम्रो लगातारको भनाईले धेरै साथीहरूको विचारमा परिवर्तन आएको छ । वार्ड, गा.वि.स., क्षेत्र र जिल्लाको साँगुरो घेरामा मात्र अलमलिरहेका साथीहरू अहिले लिम्बुवानको बारेमा सोच्न थालेका छन्, यो CCO अभियान कै सफलता हो ।

CCO अभियान अघि बढाउने क्रममा पान्थर, तेह्रथुम र ताप्लेजुङ जिल्लाहरूमा लगातार सम्पन्न भएको ४८ वटा आमसभाहरूमा यो पङतिकारले प्रमुख अतिथि भएर भाषण गर्ने सौभाग्य पाएको थियो । ति आमसभाहरूमा मैले CCO को महत्वबारे बोले, सुतेको लिम्बुवानी जनताहरूलाई ब्युझाउँने प्रयास गरे । यो ऐतिहासिक यात्राको बारेमा "यात्रा–स्मरण" लेख्ने योजना गरेको छु । लिम्बुवानको आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको CCO अभियानलाई चिरस्थायी बनाउन मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदको संगठन विभागको नाम नै CCO सचिवालय राखिएको छ । यस परिषदमा संगठन विभाग प्रमूखको ठाउँमा CCO सचिवले काम गर्दछ ।

छोटकरीमा भन्नु पर्दा, सम्पर्क गर्ने, सरसल्लाह गर्ने र लिम्बुवान मुक्तिको लागि यस परिषदमा संगठित हुने अभियान नै CCO हो । यो CCO आजपनि चाहिन्छ र भोली पनि चाहिन्छ । यहि CCO नभएर नै हामीहरूले वि.सं. १८३१ र वि.सं. २०२१ सालमा लिम्बुवानको रक्षा गर्न सकेनौं । आज, थोर बहुत CCO हुँदैछ त्यसैले लिम्बुवानको आन्दोलनले पनि उचाई प्राप्त गर्दैछ । हामीले सोचे जस्तो लिम्बुवान प्राप्त गर्न अझ बढि CCO हुनुपर्छ । हामीले तपाईहरूलाई खोज्दै आउन भ्याएनौं भने तपाईहरू हामीहरूलाई खोज्दै आउनुस तर कोही पनि रमिते भएर नवसौं ।

संगठन आफैमा शक्ति रहेछ । आज हामी लिम्बुवानका नौं वटै जिल्ला सिडिओहरूलाई एकैपल्ट ज्ञापनपत्र दिन सक्छौं, नौं वटै जिल्लाहरूमा एकै पल्ट राँके जुलुश र आमसभा गर्न सक्छौं । बल्ल तपाई हाम्रो सोचाई र सपनाले लिम्बुवानी आकार प्राप्त गर्‍यो ।

लिम्बुवानप्राप्त गरेपछि अझ बढि CCO को महत्व बढ्ने छ । किनकि लिम्बुवानको प्राप्ति जतिकै चुनौतीपूर्ण हुनेछ लिम्बुवानको विकास र लिम्बुवानको स्थायित्व । लिम्बुवानको ठूलो–ठूलो आयोजनाहरू पुरा गर्न थोरै पुँजी र थोरै जनशक्तिले हुँदैन । यसको लागि भएभरको पुँजी संग्रह गर्नुपर्छ त्यसको लागि पनि संगठित हुनै पर्छ । लिम्बुवानको सिमानाको कुरा आउँछ त्यसको लागि पनि संगठित हुनै पर्छ । विश्वकै शक्तिशाली देशहरू भारत र चीनलाई छोएर लिम्बुवान रहेको हुनाले यहाँका वासिन्दाहरूले "ग्लोवल पोलिटिक्स (global politics)" लाई बुझ्नु पर्छ र हरदम आफू सक्षम र संगठित भईरहनु पर्छ ।

अन्त्यमा, लिम्बुवान मुक्ति आन्दोलन र CCO अभियान भनेको अभिन्न अङ्गहरू हुन । हामीले CCO लाई सक्रियता पूर्वक संचालन गरिरहन सक्यौं भने मात्र यस धर्तीमा लिम्बुवान नामक फूल संसारको आँखालाई आकर्षित गर्दै फुलिरहने छ । यहि महत्वलाई बुझेर यस परिषदका सबै तहका समितिहरू CCO अभियानलाई नौं वटै जिल्लाहरूमा अझ तिव्रताका साथ अघि बढाउन, यहि आग्रह छ ।

miraklingen1@yahoo.com

> **"संखुवासभाको मान्छेले खान पाएन भने पान्थरको मान्छेले अन्न जुटाएर पठाई दिनु पर्छ । ताप्लेजुङमा हिउँ पर्‍यो भने मोरङमा जाडो महसुस हुनुपर्छ– त्यो लिम्बुवानी भावना हुनेछ ।"**


## हार्दिक वधाई तथा शुभकामना



**चुडामणि तुम्बाहाम्फे लिम्बू** संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च बेलायत (UK) शाखाको अध्यक्ष पदमा चुनिनु भएकोमा वहाँ र बेलायत शाखाको सम्पूर्ण समितिलाई सफल कार्यकालको लागि हार्दिक वधाई तथा शुभकामना ज्ञापन गर्दछौं ।

मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद
लिम्बुवान, नेपाल


# खुल्ला म्याराथुन हुने

दमक/कारितास नेपाल र यूएनएचसिआरको संयुक्त आयोजनामा आगामी भदौं १५ गते म्याराथुन दौड सम्पन्न हुने भएको छ ।

साउन २९ गते कारितासले आफ्ना सहप्रायोजक संस्थाहरुसँग आयोजना गरेको पत्रकार सम्मेलनका बीच दमकमा उक्त जानकारी गराइएको हो । दौड दुरी पुरुषका लागि १० किलोमिटर र महिलाका लागि ७ किलोमिटर रहने छ । जसमा कमलपुल देखि दमक पुरुष र केर्खा देखि दमक सम्म महिला धावकले दौडमा सहभागी हुनेछन् ।

विश्व म्याराथुन दिवसको अवसरमा स्पेनिस क्लब एफ्सी बार्सिलोनाको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीयलाई २०, १५ र १० हजार नगद लगायत १० औं स्थान सम्मकालाई पुरस्कार प्रदान गरिने जनाईएको छ ।

# "भारतीय डोमिनेसन भत्काउन चाहन्छौं"-नेम्बाङ



*तीन दशक अघि पान्थरको पौवा सारताप-१ पौवा गाउँमा जन्मनु भएका रंगवादी अभियन्ता कवि धमेन्द्र विक्रम नेम्बाङ ५०को दशह देखि मोफसल र राजधानीमा रहेर रंगवादको विकासमा निरन्तर लागिरहनु भएको छ । "भिरै भिरको रङ्ग-२०६० कविता संग्रह, ढुङ्गा कि त भगवानको आत्माहत्याको जग्गा-२०६२ कविता संग्रह मार्फत नेपाली साहित्यमा रङ्गवादी दृष्टिकोण राख्न सफल भइसक्नु भएका नेम्बाङ्को 'मनको बाघ-कृति (उपन्यास जस्तै) प्रेसमा छ यतिवेला । साहित्य सिर्जनामा लागिरहँदा नेपाली साहित्यमा परिवर्तनको खाँचो महसुस गरेर ०६० को दशकबाट रङ्गवादी सिद्धान्त घोषणा गर्दै क्रियाशील रहेको वताउनु हुने नेम्बाङसँग साझा लिम्बुवानका सहायक सम्पादक कमन देवानद्वारा दमकमा गरेको कुराकानीको सार तल प्रस्तुत छः-*

**◆नेम्बाङजी, रंगीय गतिविधि कस्तो छ ?**

मूलतः ०४६ पछिको असफल लोकतान्त्रिक पद्दतिसँगै ०५२ बाट माओवादी जनयुद्धको प्रारम्भ, राजनीतिमा निरंकुश राजाको हस्तक्षेप, त्यसपछिको प्रतिगमन विरोधी राजनीतिक आन्दोलन, आदिवासी जनजातिहरूको न्यायिक आन्दोलन, कर्णाली लगायतका क्षेत्रीय, महिला, मधेसी एवं प्रकारका आन्दोलनहरू चलिरहँदा यी सबैको सहयोगका निम्ति नयाँ नेपाली सौन्दर्य शास्त्रको व्यानर लिएर ०६० बाट प्रारम्भ भएको एउटा पृथक र मौलिक नेपाली साहित्यिक आन्दोलन हो यो । म लगायत स्वर्ग स्वप्निल स्मृति, चन्द्रवीर तुम्बापो, प्रकाश विमिल, समदर्शी काइला, अमर न्यौपाने, सिमा आभाष र चन्द्र योडया लगायत हाल क्रियाशिल छौं । ८ भन्दा बढी कृतिहरू मार्फत हामीले रङ्गवादी धारणा अघि सार्ने काम गरेका छौं । नेपाली उत्तर आधुनिकताको व्यानरमा रंगको किसिम, व्याख्या, विश्लेषण सहित सिद्धान्त, समालोचना र सृजना गरी तीन परिवेश हाम्रो वर्तमान अवस्था हो ।

**◆सामान्य रंगवादले व्याख्या गरिरहेको देश कस्तो हो त उसो भए ?**

हामी यसलाई दुई-चार ठाउँबाट हेर्छौं । पहिलो, लेखन र भनाईले तोकेको ठाउँ, आकर्षक विन्दुले राज्य कस्तो ? भन्ने बारे प्रष्ट गर्ने हो । व्यक्तिगत स्वायत्तता सहितको राज्यसँग रंगवादको सम्झौता व्यक्तिगत स्वायत्तता सहितको राज्य निर्धारण हुनुपर्दछ भन्ने हो । नेपालको पूनसंरचनामा बहुरंगीन राज्य निर्माण बारेको सामान्य रंगवादी अवधारणामा यस अघि विभिन्न पत्रपत्रिकामा आइसकेका छन् । हाम्रो रंगवादीय चाहना त्यसै अन्तरगत व्यक्त गरिएको छ । अहिले राज्यको मूल केन्द्र विघटित छ यो रंगवादीय सोंच हो । एकात्मक केन्द्र भत्किएर साना-साना स्वायत्त राज्यहरूको निर्माणको प्रारम्भलाई रंगवादले महत्वका साथ हेरेको छ । यो त्यो वैरंगवादी मूल्य हो । जसले राज्यको उपस्थिति र अनुभूति सबैलाई मिल्छ र मिल्नु पर्छ ।

**◆इतिहाससँग रंगवादको अन्तर सम्बन्ध नि ?**

मुलुकको इतिहासबारे रंगवादले घोषणा पत्रमै छलफल गरिसकेको छ । स्वभावैले मुलुकको राजनीतिसँग त्यसको सामाजिक, साहित्यिक, शैक्षीक र अन्य परिवेशहरू र नीतिहरू प्रभावित हुन्छन् । मूलतः इतिहासका सन्दर्भमा हामी पृथ्वीनारायण शाहको भौगोलिक एकीकरण, नेपाल-अंग्रेज युद्ध, भारदारिया हत्याप्रकरणसँगै जन्मिएको जहानिया राणा शासन, ०७ सालको क्रान्ति पछिको परिवर्तन, ०१७ सालको महेन्द्रिय भाषा, भेष, धर्म, संस्कृति सहितको निरंकुश एकतन्त्रीय जड, त्यसपछि ०४६ को जन-आन्दोलन पछिको विकसित परिस्थितिहरू भित्र हामी थियौं । जसमा ०४६ को खुल्ला र लोकतान्त्रिक परिवेशपछि मात्र नेपाली साहित्यको आशा लाग्दो दिन प्रारम्भ भइरहँदा स्वभावैले धर्म, संस्कृति, भाषा आदिको खोजी भएको हो । सँगसँगै विभिन्न प्रकृतिका आन्दोलनहरूको जन्म भएको हो । त्यही अवस्थामा ०६० बाट हामी नेपाली मौलिकता निर्माणमा जुट्यौं । ०६२/६३ को संयुक्त र शान्तिपूर्ण आन्दोलननै त्यस्तो आन्दोलन बन्न पुग्यो जसले मेची-महाकाली जोड्ने साँस्कृतिक आन्दोलनलाई साकार पार्‍यो । सँगै पून संरचित राष्ट्र निर्माणको व्यानर सामान्य बहु रंगवाद तयार भयो । यो नै रंगको गुण र प्रकृति हो । यो व्यानर वहु राजनीतिक, वहु-आस्था, वहु-भाषा, वहु धर्म, वहु संस्कृतिको मेची-महाकाली जोड्ने व्यानर हो । तसर्थ हामीले अन्तरसम्बन्धित मिश्रणको पनि कुरो उठाएका छौं । नेपालको विविध घटनाक्रमहरूको विश्लेषण र विवेचना पछि हामी यो अवस्थामा आइपुगेका हौं ।

**◆उत्तर आधुनिक चिन्तकहरूले प्रस्ताव गरेको वहूल साँस्कृतिक सह-अस्तित्वलाई हेर्ने रंगवादी दृष्टिकोण चाहीं ?**

पहिलो कुरो रंगवादमा रंगको गुण, विशेषता र चरित्रलाई अगाडि ल्याइरहँदा यो उत्तर आधुनिकवादसँग नजिक देखियो । रंगवादले नेपाली मौलिकता, निजत्वलाई पकड्यो र नेपाली उत्तर आधुनिकता जस्तो भयो । उत्तर आधुनिकवादसँगको फरकपन भनेको यसले नेपाली समाज, घट्नाक्रम, जनजीवन वातावरणको व्याख्या गरेको छ । वहूल संस्कृतिसँग नजिक रहेर पनि रंगवादले सह-अस्तित्वका सन्दर्भमा भने यो भन्दछ कि सह-अस्तित्व दुई जनाका बीचमा मात्रै रहन्छ भन्ने देखिन्छ । त्यसले गर्दा दुई जनाका बीचमा मात्रै रहन्छ भन्ने देखिन्छ । त्यसले गर्दा दुई जना शक्तिकेन्द्र हो, अरुले चाही त्यसलाई स्वीकार्नु पर्छ भन्ने सोंच उनीहरूको होला । यद्यपि, समाजमा, देशमा, जीवनमा मात्र दुई शक्ति केन्द्र हुँदैनन् । यसका अलावा हजारौं-हजार शक्ति केन्द्रहरू हुन्छन् । देशमा राजनीतिक दल, जाति, भाषा, धर्म, संस्कृति आदि दुई ओटा मात्रै छैनन् । त्यसैले यी सबैको समन्वयको आधार 'सप-अस्तित्व हो' भन्नेमा हामी प्रष्ट छौं । अबका दिनमा कसैबाट कोही सिमान्तकृत बन्न नपरोस, सप्पैको जगको विसौनी निर्माण होस् भन्ने रंगवादीय दृष्टिकोण हो । किनकि, कुनैपनि अस्तित्वको आकार ग्रहण ऊ स्वयंको क्रियाशीलता र योग्यताले लिनेमा हामी विश्वस्त छौं ।

**◆अरुण पूर्वमा उठिरहेको लिम्बुवान स्वायत्त राज्यको सवाललाई रंगवादले कसरी हेर्छ ?**

हिजोको एकात्मक राज्यले हाम्रा न्यूनतम आवाजलाई समेत नसुनेपछि अहिले राज्य पून:संरचनाको अवस्थामा आइपुगियो । हाम्रो अहिलेको चरण संघात्मक राज्य तिरको हो । अरुण पूर्व इतिहासको दृष्टिकोण देखि लिएर साँस्कृतिक, भाषिक, धार्मिक दृष्टिकोणले पनि यो लिम्बू जातिसँग लामो समय सम्बन्ध राखेर बसेको जमिन हो । लोकतन्त्रले सम्बोधन गर्ने भनेको पनि यिनै जाति जनजातिहरूलाई हो । त्यसकारण, अरुणपूर्वलाई लिम्बुवान भन्दा यहाँका गैर लिम्बू जाति जनजातिहरूलाई पनि यसले सम्बोधन गर्दछ । थप कुरो, ०६२/६३ को जनआन्दोलन पछि पनि संघीय लिम्बुवान राज्य परिषदले छुट्टै सशक्त र प्रभावकारी आन्दोलन गरेर तत्कालीन सरकारसँग अरुणपूर्व संघीय राज्यको रुपमा 'लिम्बुवान' रहने भन्नेमा सहमति र हस्ताक्षर गराएको छ । त्यसैले अब कसैलाई नभुक्र्याकन उक्त दस्तावेजको कार्यान्वयन हुनु पर्दछ । थप कुरा, लिम्बुवान भित्र उठिरहेका अन्य राज्यहरूको प्रस्ताव र अवधारणहरूलाई स्वायत्तता भित्रको उप-स्वायत्तताको व्यवस्था मार्फत सम्बोधन गर्न सकिन्छ र गर्नुपर्दछ । यो नै वहूल जाति जनजाति वीच संघीय राज्य निर्माण गर्दा आइपर्ने अप्ठ्याराहरूको सही र वैज्ञानिक व्यवस्थापन हो ।

**◆नेपाली साहित्यलाई अन्तराष्ट्रिय स्तरमा चिनाउन कुन पक्षलाई जोड दिनु पर्छ ?**

हाम्रो साहित्य अन्तराष्ट्रिय स्तरमा नपुगेको भन्ने नै त होइन होला । यद्यपि, अंग्रेजी भाषा हामीसँग नहुनु एउटा अप्ठ्यारो पक्ष हो । अर्को कुरो, हामीले धेरैभन्दा धेरै नेपाली कृतिहरूलाई अंग्रेजी अनुवाद सहित अन्तराष्ट्रिय बजारमा ठेल्ने काम भएको छैन । तर वहु रंगवादले कृतिगत मूल्य मात्रैले बजार प्राप्त गर्छ भन्ने पक्षमा छैनौं । हामी त नेपाली मौलिकता, निजत्व, विशेषता, सापेक्षता सहितको सिद्धान्त निर्माण गरेर नेपाललाई जोड्दै अन्तराष्ट्रिय बजारमा यसको निर्यात गर्न चाहन्छौं । त्यसपछि बल्ल भारतीय डोमिनेसन भत्कने छ भन्नेमा हामीलाई विश्वास छ । यो सिद्धान्तले स्वभाविक रुपमै नेपाली कला साहित्यलाई अन्तराष्ट्रिय बजारमा पुर्‍याएर ध्यानाकर्षित गर्ने छ । विश्व साहित्यले वहूल रंगवादीय नेपाली साहित्यको मूल्य र मान्यतालाई हेर्नेमा हामी ढुक्क छौं । त्यसका निम्ति पनि भारतीय डोमिनेसनलाई स्वभाविक रुपले भत्काउनै पर्ने हुन्छ । र मलाई लाग्छ, यस कुरामा हामी सक्षम हुने छौं ।

**लिम्बुवान स्वायत्तताका लागि पछिल्लो पटक विभिन्न राजनीतिक, गैरराजनीतिक संघ संगठन बीच बनेको वृहत मोर्चावन्दीलाई कसरी हेर्ने ?**

लिम्बुवान प्राप्तिको लागि साझा संयन्त्रको आवश्यकता थियो । त्यसले साझा वल र साझा क्रियाकलाप गरेर जान सक्ने संस्थाका रुपमा विकसित भएको छ । राजनीतिक दलहरू, गैर राजनीतिक संस्थाहरूबीच भएको यो साझा मोर्चाले छुट्टै राजनीति, छुट्टै सामाजिक संस्थाले गरेको प्रयत्न भन्दा धेरै शक्तिशाली काम गर्दछ, गर्न सक्छ । सबै संगठन र संस्थाहरूको चाहना यो प्रान्तको सम्बन्धमा लिम्बुवान रहेछ भन्ने मेसेज यसले दिन्छ त्यो आफैमा एउटा मनोबलको, प्रचारको, मेसेजको शक्तिशाली आन्दोलन हो भन्ने म बुझ्छु । त्यसकारण यसले अरुणपूर्वको नागरिकहरूमा एकता र स्वहार्दता विकसित गर्दै वर्तमान सरकारलाई लिम्बुवान नै हाम्रो अन्तिम अभिष्ठा हो भन्ने सन्देश टेवल गर्दछ । त्यसकारण साझा मोर्चा कुनै दल विशेष भन्दा स्वभाविक वैज्ञानिक देखिन्छ । पून:संरचनाका क्रममा यो आवश्यक थियो । लिम्बुवान प्राप्ति पछि पनि यही साझा मोर्चालाई अझ विकसित गर्दै राज्य संचालन सम्बन्धमा सप-अस्तित्वका साथ नयाँ राजनीतिक ढंगले अगाडि बढाउनु पर्छ । जसमा कुनै सानो शक्तिहरूपनि राज्य संचालनबाट नछुटोस् । यही नै लिम्बुवानको एउटा मौलिकताको रूपमा अघि बढोस् ।

**अन्त्यमा हाम्रा पाठकलाई के भन्नु हुन्छ ?**

समयको रिल अत्यन्त द्रुत गतिमा फेरिइ रहेको छ । यसर्थ, हिजोका नयाँ अहिले आइपुग्दा पुराना हुने क्रम पनि छँदैछ । यो अवस्थामा केही नयाँ निर्माण गर्ने पक्षमा हामी स्वभावैले उभिनै पर्छ । अबको दिन नयाँ चेतनाले काम गर्ने दिन हो भन्ने लाग्छ । सबै केही नयाँ कुरो निर्माणमा लागौं । अवसरका लागि साझा लिम्बुवानलाई धन्यवाद ।

## साहित्य-सिर्जना

**कविता**

### वैंश

*हाङ्ग*

एक मुठी माया
त्यसैको उच्चाट लाग्दो प्रतिक्षामा
बेरंगी भएका
तिम्रा रहरलाग्दो बैश
धन्न, त्यो पहरामा फुलेनछ
धन्न, त्यो ओढारमा फुलेनछ
त्यो त
मैले चट्ट सजाएको बगैंचामै पो फुलेछ त ।
तिम्रो आशालाग्दो मुस्कान
एकदिन आइतबारको विहान
मेरो चियाको चुस्कीसँगै रंगिरह्यो
त्यसो त
रंग फुलेको बैश
जतै गएपनि, जतै डुलेपनि
बैशाखजस्तै सुन्दर हुँदोरहेछ ।
एउटा संयोग
मेरो संघारमा
एउटा विहान सिंगै बैश लिएर
तिमी कतिचोटि फुलिसकेछौं
म मोरो बल्ल बुझ्दैछु
तिम्रो रहरलाग्दो बैंशमा
कति महत्वपूर्ण थियो होला ?
त्यो वेरंगी बैश
कोपिलामा कति आशालाग्दो थियो होला ?
तिमी फूल्नु र रंगहरू
आखिर सरदरमा
बैशाखभरीका जुहीजस्तै
अथवा,
नदी किनारबाट उठी आउने
एक अंगालो भुईकुहिरो
त्यो तिमी भएर
कतिचोटी आइसकेछ ।
मेरो कुम पछाडिबाट जिस्किएर जाने
तिम्रा लबस्तरो बैंश
मेरो छाती ढकढकाएर
कतिवेला पसिसकेछ
म बुद्धु
बल्ल देख्दैछु
त्यो बेशरमी बैंश
झन लजाएको बेला
कति हेरुहेरु लाग्दो थियो होला ।

**गजल**

*नेहा लिङ्दम*

रात भरी एकान्तमा रोइरहें कान्छा
सम्झनामा तिम्रो तस्वीर छोइरहें कान्छा
धाउन मनभएन तिमीबिना भञ्ज्याङ र चौतारीपनि
तिम्लेदेको कुसुमे रुमाल, आँशुले धोइरहे कान्छा
आँधिबेरी, खोलानाला हामी टाढा हुँदा
भमराविहिन फुल झै, भोइरहें कान्छा
पिरतीको बन्धन फुकाएर बाध्न कति गाह्रो
चाडै भेट्न भनि मन्दिर गोइरहें कान्छा

*बाँझो-९, इलाम*

*नरेन्द्र केरुङ 'लाहाङ'*

मेरो प्राण मेरो गौरब मेरो लिम्बुवान
इतिहास साछीं छ, जिवीत मेरो लिम्बुवान
हावा चल्यो, पात झर्‍यो रुख ढल्न सकेन
षडयन्त्रको जालमा बाँच्यो मेरो लिम्बुवान
सुम्हालुङले छाती खोली हाँक दिन सक्छ
आम्बे:पोजोमामा फुल्छ, फल्छ मेरो लिम्बुवान
कठिन यात्रा पार गरे शिखर पुगिन्छ
बढाऔं पाईलाहरु भन्छ मेरो लिम्बुवान
काङसोरे सोझो भनि जाल बुनि रेटियो
सिर्जनाको सुगन्ध थियो मेरो लिम्बुवान ।

*याङनाम-८, पान्थर, लिम्बुवान*

*प्रेमदिप थाम्सुहाङ*

पिरतीमा धेरै थाक्दा बिसाउँछु गजलैमा
फूलले हाँस्दै जिस्काउँदा रिसाउँछु गजलैमा ।
घामले पोलि हृदयमा मायाप्रीति बाफ बने
भावनाको बादलले चिसाउँछु गजलैमा ।
सिरीसिरी बताससँगै तिम्रोमाया बही आए
कल्पनाले तिम्रो माया मिसाउँछु गजलैमा ।
नजरको हेराईबाट तिमीले माया पठाएमा
घायल बनी तिम्रो माया घिसाउँछु गलजैमा ।

*चुलाचुली, इलाम*

## संखुवासभामा परिषद विस्तार

खाँदबारी/सि.सि.ओ. सचिव फक्ताङलुङ योङहाङ र तेह्रथुम जिल्ला सचिव हाङसा खापुङको सक्रियतामा संखुवासभामा मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदको जिल्ला कार्य समिति लगायत विभिन्न समिति गठन भएको छ ।

मञ्च सम्बद्ध परिषादको जिल्ला कार्य समितिमा इन्द्र लिङथेपको संयोजकत्वमा १३ सदस्यीय समिति गठन भएको छ । उप संयोजक, सचिव, सह-सचिव, अर्थ सचिव र महिला सचिवमा क्रमशः याम फावेन, देविन फावेन, कुमार लिम्बू, तारा लिम्बू, उमाकला लिम्बू चयन भएका छन् । सदस्यहरूमा क्रमशः बुद्धिबहादुर संगीता मादेन, गौरी लिम्बू, इन्द्रहाङ नेयोङ, राजेन्द् लिम्बू, दिल बहादुर साँवा रहेका छन् ।

त्यसैगरी परिषादका यूवा संगठन लिम्बुवान भोलेन्टियर्स (एलभी)को जिल्ला कमाण्डमा धनकुमार लिम्बू, उपकमाण्डमा जीवन लिम्बू र सदस्यहरूमा क्रमशः सावारुङमा लिम्बू, उमा लिम्बू, सुमन लिम्बू, कृष्ण लिम्बू, मुक्साम लिम्बू, प्रविन लिम्बू र लिला लिम्बू रहेका छन् ।

संखुवासभामै क्षेत्रीय कार्य समिति पनि गठन भएको छ । सो समितिका संयोजकमा गौरी लिम्बू, सह-संयोजकमा गंगा लिम्बू, सचिवमा कुमार मादेन, सह-सचिवमा दिपेन लिम्बू, अर्थ सचिवमा शेकर सिङभा चयन भएका छन् र सदस्यहरूमा तुल ब. लिम्बू, वीर ब. तामाङ, टेक बहादुर सावा, हर्क वहादुर लिम्बू, तुल सिं विक रहेका छन् ।

## संघीय महिला र विद्यार्थी संगठित

फेदेन/पान्थरमा मञ्च सम्बद्ध संघीय महिला परिषद गठन भएको छ ।

सुनिता केरुङको अध्यक्षतामा गठित पन्ध्र सदस्यीय महिला परिषदमा उपाध्यक्ष सीता नेम्बाङ, सचिव नाम्सा लाओती, सह-सचिव रेसा योङहाङ, कोषाध्यक्ष यसोदा गुरुङ्, सदस्यहरूमा क्रमशः प्रतिमा लिम्बू, सरिता नेम्बाङ, हिना योङहाङ, दिलु लक्सम, शर्मिला मगर, कोपिला एवा, चन्द्रकला एवा, फुलकुमारी लाओती, विनु कुरुम्बाङ्ग, कुसुम मूखिया, रुपा निरौला रहेका छन् ।

त्यसै गरी, संघीय विद्यार्थी युनियनमा सन्तोष साँवाको अध्यक्षतामा २० सदस्यीय जिल्ला समिति गठन भएको छ ।

उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमशः रगसिंह लक्सम, प्रभु कुरुङवाङ, फूलकुमारी लाओती रहेका छन् भने सदस्यहरूमा क्रमशः डम्बर मादेन, जसराज केरुङ, रामकुमार आङ्देम्बे, राजेन्द्र सेलिङ, प्रकाश योङया, शान्ति काम्बाङ, मनु लावती, सुवास योक्पादेन, भीम खुदाङ, नेहा लाओती, रुपा निरौला, प्रदीप तामाङ, कृष्ण लिङ्देन र संगीता खाती रहनु भएको छ ।

कार्यक्रममा मित्र लिङदेन, तुम्याहाङ नेम्बाङ, रोजिना नेम्बाङ लगायतको उपस्थिति रहेको थियो ।

## पान्थर क्याम्पसमा युनियन गठन

फेदेन/पान्थर बहूमूखी क्याम्पसमा मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद क्षेत्र नं. १ का प्रत्यासी उम्मेद्धवार मित्र लिङ्देनको उपस्थितिमा संघीय विद्यार्थी यूनियनको कमिटी गठन भएको छ ।

सन्तोष साँवाको संयोजकत्वमा २१ सदस्यीय समिति गठन गरिएकोमा सचिव दिनेश लोवा, कोषाध्यक्ष सीता वेघा, सदस्यहरु कर्ण राई, मनकुमार राई, बसन्त फत्र, दिलेन्द्र वेघा, चन्द्रमणि मिश्र, राजकुमार आङदेम्बे, आईन्द्र साँवा, प्रदिप तामाङ्ग, केन्द्र राई, निर्मला योङया, राजेन्द्र योङया, राजेन्द्र सेलिङ, प्रकाश केरुङ, राधिका डाँगी, राम कुमार लाओती, कृष्ण लिङदेन, नाम्सा लाओती र विनू कुरुम्बाङ्ग रहेका छन् ।

कार्यक्रम परिषदका पान्थर सल्लाहकार तिल विक्रम नेम्बाङ्को अध्यक्षतामा सम्पन्न भएको थियो भने उक्त कार्यक्रम नरेन्द्र राज केरुङ्गले सञ्चालन गर्नु भएको थियो ।


## हार्दिक समवेदना



किरात इतिहासका शब्दभण्डार, बौद्धिक व्यक्तित्व, तथा जातीय मुक्तिका अग्रणी नेता ०७ साले कमाण्डर गुञ्जमान सुब्बाको २०६५ साल साउन ८ गते ८६ बर्षको उमेरमा झापाको चारपानेमा भएको असामयिक निधनले हामीलाई मर्माहत तुल्याएको छ । उहाँको निधनले सारा लिम्बुवानवासीलाई क्षति पुगिको हुँदा स्वर्गीय आत्माप्रति चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति माङले सहने शक्ति प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साझा लिम्बुवान साप्ताहिक परिवार**

## हार्दिक समवेदना



हाम्रा यस परिषदका धरमपुर गा.वि.स. अध्यक्ष, झापा जिल्ला सदस्य एवं किरात सुनुवार सेवा समाजका झापा अध्यक्ष **भिम बहादुर सुनुवार**को ममतामयी आमा **चन्द्रमाया सुनुवार**को मिति २०६५ साउन ३ गते शुक्रबारका दिन असामयिक निधन भएको खबरले हामी मर्माहत भएका छौं । दिवंगत आत्माको चिरशान्तीको कामना सहित शोक सन्तप्त परिवारजन प्रति हार्दिक **समवेदना** प्रकट गर्दछौं ।

**मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद**
**लिम्बुवान, नेपाल**

# लिम्बुवान मोर्चा निर्माण र लिम्बुवानवासीमा यसको सन्देश

**मिसेकहाङ् थाम्सुहाङ्**

जनआन्दोलन-२ पछि नेपालमै पहिलो पटक जातिको ऐतिहासिक पृष्ठभूमि, भाषा र क्षेत्रको आधारमा संघीय गणतान्त्रिक राज्य घोषणा गर भनी संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको भातृसंगठन संघीय युवा मञ्चले ०६३ असोज २४ गते झापा बन्द गरेर संघीय गणतान्त्रिक आन्दोलनको दिशा निर्देश दियो । त्यस्तै मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदले मंसिर २६ गते लिम्बुवान बन्द गरेर आन्दोलनलाई व्यापकता दियो । इटहरीमा सात सय युवा परिचालन गरेको प्रभावले मधेशी जनअधिकार फोरमले ६ सय मधेशी युवाहरू विराटनगरमा परिचालन गरी दक्षिण मोरङ बन्द गर्‍यो । एकपटक फोरम संयोजक उपेन्द्र यादवले लिम्बुवानको आन्दोलन त उठ्यो तर मधेशी त डराउँछन्, पैसा दिदैनन के गर्ने भनेर चिन्ता व्यक्त गरेका थिए । तर ०६३ माघ १ गते अन्तरिम संविधान लिम्बुवान र मधेशीले संयुक्त जलाउने क्रार्यक्रममा मधेशी नेतालाई काठमाण्डौंमा पक्राउ गरियो । मधेशी विद्यार्थीले नेताहरूको रिहाइको लागि लाहानमा चक्काजाम गर्दा पूर्वबाट गइरहेका माओवादी र मधेशीबीचमा झडप हुँदा माओवादी कार्यकर्ताले चलाएको गोलीबाट एकजना महतो विद्यार्थी ढलेपछि माघे मधेशी आन्दोलनले भयावह रूप लिन पुग्यो । मधेशी आन्दोलन अर्द्ध दंगा थियो जुन राजनीतिकरण गर्दै अगाडि बढाइयो । मधेशी आन्दोलन बीचमा शिथिल बनेपछि ०६४ फागुन १ गते देखिको आन्दोलनमा संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा भन्दा संयुक्त मधेशी मोर्चालाई सञ्चार माध्यमले उचालेपछि फेरि मधेशी आन्दोलन उठ्यो र संविधानसभाको चुनावमार्फत गुणात्मक परिवर्तन भएर मधेशी आन्दोलन संविधानसभाको रोष्टमा समयसापेक्ष गुणात्मक रुपले विकसित हुन नसकी सदन सडकमा छरपष्ट विभाजित छ । हरेक कुरा समयसापेक्ष गुणात्मक परिवर्तन हुन सकेन भने पतन शुरू हुन्छ । उदाहरणको लागि एउटा बालक प्राथमिक कक्षामा सधैं असफल बन्दै युवा अवस्थामा त्यही रहन सक्तैन । उसले पढाइ नै छाड्छ । त्यसरी नै लिम्बुवान आन्दोलन सधैं सडकमा रहन सक्तैन । उसले पढाइ नै छाड्छ । त्यसरी नै लिम्बुवान आन्दोलनले कि त लिम्बुवान क्षेत्रमा संविधानसभाको चुनाव रोकेर वैकल्पिक लिम्बुवान सत्ता निर्माण गरेर बढ्न सक्नु पर्थ्यो कि त सहमति गरी संविधानसभामा आफ्नो प्रतिनिधित्व बढी भन्दा बढी गराउन सक्नु पर्थ्यो । अफ्सोच, हिजोका सत्तामा रहेका पार्टीका प्रतिनिधिहरूले नै बढी लिम्बुवान क्षेत्रबाट जितेर गएका छन् यति मात्र कि उनीहरु पार्टीभित्र रहेर लिम्बुवानको लागि लड्न चाहन्छन् । भनौ लिम्बुवान आन्दोलनको प्रभाव उनीहरूभित्र प्रवेश गरेको छ, त्यसरी चारैतिरका लिम्बुवान आन्दोलनका प्रभावहरूलाई एकीकृत गरी लिम्बुवान स्वायत्तता प्राप्त गर्नु नै सबैभन्दा उपयुक्त विकल्प देखिएको छ । यही ऐतिहासिक आवश्यकतालाई मध्यनजर गरी ०६५ श्रावण ११ गते लिम्बुवानका राजनीति शक्तिहरु (एमाले, माओवादीका लिम्बुवानका भातृसंगठनहरू) संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध (स्वयत्त) संगठन संघीय लिम्बुवान राज्य परिषाद, लिम्बुवान मुक्ति मोर्चा जस्तो स्वतन्त्र संगठन काग्रेसका प्रतिनिधि बनेको छ । जुन लिम्बुवान आन्दोलन जबरजस्त निर्णायक बन्न खोजेको हो । जुन मोर्चाबन्दीले दुईवटा महत्वपूर्ण सन्देश लिम्बुवान र समग्र नेपालमा दिएको छ । पहिलो सबै राजनीतिक शक्तिहरुले लिम्बुवान स्वायत्ततालाई स्वीकार्न वाध्य भएका छन् । लिम्बुवानका सबै राजनीतिक शक्ति, व्यक्ति लिम्बुवान स्वायत्तता प्राप्तिलाई प्रमुख कुरा मान्छन् जसमा सबैमा एकता भएका छन् । दोस्रो आफ्नो स्वायत्तताको लागि सबैलाई जुट्न प्रेरित गरेको छ ।

यो मोर्चाप्रति असहमति जनाउने, भ्रम छर्ने र शंका गर्नेहरू पनि छन् । शंका गर्नेहरू प्रश्न उठाउँछन् । के पार्टीले व्हीप जारी गर्दा मोर्चाको गतिमा अवरोध नआउला ? कतै पार्टीले लिम्बुवान आन्दोलन काबुमा राख्न मोर्चा पार्टीमा आवद्ध संगठन व्यक्ति, स्वायत्त संगठन र स्वतन्त्र संगठनहरू विभिन्न धरातलमा भएकाले एउटै धरातलमा आधारित संगठन जस्तो सजिलै गतिशिल पक्कै बन्न सक्तैन होला । तर माहोल जातीय स्वायत्ततातिर ढल्केकोले मोर्चाले प्राथमिकता लिम्बुवान स्वायत्तता मानी पार्टीलाई लिम्बुवान स्वीकार्न, लिम्बुवानमा स्थापित गर्न मार्गनिर्देश बन्दछ । लिम्बुवानको आन्दोलन उठ्ता मधेशी सांसदहरु जस्तो लिम्बुवानका सांसदहरू बोल्लान् भन्ने आशा लिम्बुवानवासीले गरेका थिए तर पार्टीले कारवाही गर्ला भनेर कोही बोलेनन् । मधेशी संसद बोल्नुको कारण मधेशी मुद्दालाई नै उठाएर जितेर आएका सद्भावना पार्टीका संसदहरू हुनु, बोल्नु पर्ने अवस्थासम्म मधेश आन्दोलन पुग्न, चेतनाशील हुनु नै हो । यो नजिरलाई हेरेर शंका उत्पन्न हुनु ठिक हो । तर, अब सभासदहरुले मधेशी आन्दोलनबाट सिक्यौं लिम्बुवान आन्दोलन बुझ्यौं भनेर सहमति मार्फत प्रतिवद्धता जाहेर गरेका छन् ।

दोस्रो प्रश्न पार्टीले लिम्बुवान आन्दोलनलाई काबु मोर्चामार्फत गर्दैन भन्न हुँदैन । आफ्नो सरकारलाई कार्य गर्न सजिलोको लागि मोर्चालाई पार्टीले प्रयोग गर्न सक्छ ।

फेरि मोर्चामा बस्ने संगठन, व्यक्तित्वहरूले लिम्बुवान स्वायत्तता राष्ट्र नै प्रधान कुरा ठानी मोर्चाप्रति इमान्दारिता, लिम्बुवानप्रति समर्थन भए मोर्चाले पार्टी र सरकारलाई आफू अनुसार नियन्त्रण प्रयोग गर्न सक्तछ । यही नै यो मोर्चाको सबैभन्दा ठूलो शक्ति, गुण, मिशन हो । यो मोर्चा यही कुरालाई आत्मसात गरेर बढ्नु पर्दछ ।

मोर्चाको त्यत्तिकै महत्व राज्य पून:संरचनाको घडीमा नेपाल पुगेको छ जहाँ लिम्बुवानको परिभाषा, अधिकार, मार्गचित्र, स्थान आदि बारेमा विभिन्न संगठनहरूले विभिन्न दृष्टिकोण दिएमा अन्योलता सृजना लिम्बुवानमा हुने निश्चित छ । त्यसर्थ लिम्बुवान स्वायत्तताका लागि साझा अवधारणा, साझा शक्ति चाहिएको छ । हरेक मोर्चा निश्चित उद्देश्य प्राप्ति गर्नसम्मको लागि विभिन्न अस्तित्वमा रहेका संगठनबीचमा हुने गठबन्धन भएकाले संविधानसभा मार्फत लिम्बुवान स्वायत्तता सुनिश्चित गर्न निर्माण गर्न र संचालन गर्नसम्म यो मोर्चा कायम रहनु पर्दछ ।

**मोर्चाप्रति आरोप तथा भ्रम:-**

मोर्चाले अन्य लिम्बुवानवादी राजनीतिक संगठनहरूलाई सामेल गर्न भरमग्दुर कोशिश गरेको छ र गरिरहने छ । तर पनि यो मोर्चाप्रति भ्रम फिजाउन केही संगठनहरू लागि परेका छन् । मुख्यत: संघीय लिम्बुवान राज्य परिषाद सञ्जुहाङ्ग पक्षले अपरिपक्वता प्रदर्शन गर्दै गैर जिम्मेवारीपूर्वक मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषादले पाँच जिल्लामा सहमति गर्‍यो भनेर भ्रम फिजाएका छन् । तर विहार उत्तर, मेचीपूर्व, अरुण कोशी पश्चिम र तिब्बत दक्षिण लिम्बुवानको ऐतिहासिकता हो र जुन ऐतिहासिक आधारमा लिम्बुवान स्वायत्तताभूमि हुनु पर्दछ भन्ने अथवा नौ जिल्ला नै लिम्बुवान हो भन्ने उक्त कुराले जनाउँदछ । उहाँहरु त्यस्तो आरोप गर्नु पछाडिका कारणहरू मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषादप्रति नकारात्मक दृष्टिकोण हुनु, मोर्चाप्रति अनभिज्ञता, आफू एक्लै लिम्बुवान सरकार चलाउने दिवा सपना त्यस्तै ५ जिल्ला लिम्बुवान मान्ने माओवादी पाटी भएको मोर्चासँग सहमति गर्‍यौं भन्ने आक्रोश अथवा मोर्चा विरोधी अदृश्य हातहरूको चलाई । यो मोर्चाले ५ जिल्ला मात्र लिम्बुवान भन्ने माओवादीहरूलाई साझा अवधारणा मार्फत कूटनीतिक रुपले ९ जिल्लामा ल्याएको छ । जुन एक्लै समानान्तर सरकार चलाउँछु भन्नेहरूले के थाहा पाउनु पर्छ भने सत्य वा असत्यले जित्ने होइन, बलियोले जित्ने हो । निश्चित क्षेत्रको सबैभन्दा ठूलो शक्ति मात्र वैद्य भई सत्तामा रुपान्तर गर्न सकिन्छ । लिम्बुवानमा लिम्बुवानवादी शक्तिहरू एकीकृत गरेर मात्र सबैभन्दा ठूलो शक्ति निर्माण हुने यथार्थतालाई मध्यनजर गर्दै मोर्चाप्रति सकारात्मक दृष्टिकोण बनाएर मोर्चामा सबै सामेल हुनु पर्दछ ।

लिम्बुवानवासीको लिम्बुवानप्रति उच्चतम् आकांक्षा समर्पणकै उपज यो मोर्चाको उदय हो । कम्तीमा यो मोर्चाले लिम्बुवानवासीको साझा मुद्दा लिम्बुवान हो यसको लागि राष्ट्रियता हामी एक हौं भन्ने नैतिकवान सन्देश लिम्बुवानवासीलाई दिएको छ ।

मोर्चा नै सबथोक हो भन्न खोजिएको होइन । मोर्चालाई लिम्बुवान आन्दोलन खेलौना बनाउन पनि प्रयोग गर्न सक्छन् । अत: मोर्चाले मुख्य जाँच्ने कडी भनेकै मोर्चाले निर्माण गरेको लिम्बुवानको वातावरणबाट शक्तिलाई कार्यक्रम मार्फत कतिको लिम्बुवान प्राप्तिको गतिशील डाइनामिक बनाउँछ भन्ने कुरा नै हो । अन्तमा मोर्चाको कार्यक्रम आन्दोलन सुक्ष्म (micro) भन्दा वृहत (macro) लिम्बुवानवासीकै राष्ट्रियता हामी एक हौं भन्ने भावना उत्पन्न गर्ने प्रकारको हुनु पर्दछ । जसले लिम्बुवानवासीलाई एक गराउँछ, वृहत लिम्बुवान निर्माणमा बन्न पुग्दछ । गोर्खा साम्राज्यले षाडयन्त्रपूर्ण तरिकाले निल्न आँटिसकेको शिथिल लिम्बुवान फेरि शाह राज्यको पतन गणतन्त्रको उद्देश्यसँगै अरूणकोशीपूर्व उदाउन लागेको लिम्बुवान स्वायत्तताको प्रतिक्षारत लिम्बुवानवासी जनताहरूका सपना, पर्खाई झन् यो मोर्चाले उत्साहित बनाएको छ । त्यसर्थ यो मोर्चामा सबै लिम्बुवानवादी राजनीतिक शक्तिहरु मोर्चाबन्दी भई लिम्बुवान स्वायत्तता प्राप्तिसम्म एउटै शक्ति भई अगाडि बढ्नु वर्तमानको ऐतिहासिक माग हो ।

*लेखक:- मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका महासचिव हुनुहुन्छ*

# हार्दिक समवेदना



जन्म: २०१७/०२/१५ मृत्यु: २०६५/०४/१६

पान्थर जिल्ला लिम्बा गा.वि.स. वडा नं. ४ लुमाङदिन, लिम्बुवान बस्ने बमबहादुरको नाति डिगमबहादुरको जेठा छोरा जयप्रसाद माखिम (लाबरबुङे) को ४८ बर्षको अल्पायुमै असामयिक दु:खद निधन भएकोले मृतात्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरोस् भनी तागेरा निङ्वाभुमाङ्सँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै, यस दु:खद घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने शुभचिन्तक, आफन्तजन एवं इष्टमित्रहरूप्रति आभार प्रकट गर्दछौं ।

छोरा : ख्यामकुमार माखिम
छोरी : विन्दु माखिम
छोरी : गीता माखिम
छोरी : आशा माखिम
दाजु/भाउजू : रामबहादुर माखिम/रणमाया माखिम
भतिजो/बुहारी : इन्द्रबहादुर माखिम/लक्ष्मीमाया माखिम
भतिजीहरू : दिलमाया माखिम, डम्बरकुमारी माखिम
देवीमाया माखिम, चन्द्रमाया माखिम, उत्तरमाया माखिम,
यमकुमारी माखिम, चन्दा माखिम
भाइ : शेरबहादुर माखिम
भाइ : युवराज माखिम
भाइ : गजेन्द्र माखिम
भाइ : खगेन्द्रकुमार माखिम
भतिजो : कुलबहादुर माखिम
बहिनी : तारादेवी माखिम
काका : प्रेमबहादुर माखिम

भाइ : वेदे माखिम/बुहारी : ममता माखिम
भतिजी : भिस्मा माखिम
भतिजी : प्रतिमा माखिम
बडीआमा : बुद्धकुमारी माखिम (योक्पाङदेन)
काका : नारायणप्रसाद माखिम
दाजु : दिलवीर माखिम
दाजु : बलबहादुर माखिम
दाजु : कृष्णकुमार माखिम
दाजु : पूर्णबहादुर माखिम
दाजु : रत्नकुमार माखिम
दाजु : बेविन्द्र माखिम
भतिजो : सुखबहादुर माखिम
भाइ : डविन्द्र माखिम
भाइ : रमेश माखिम
भाइ : नेल्कन माखिम
बहिनी : सुस्मा माखिम

**सम्पूर्ण लुमाङदिनवासी तथा**
**किरात याक्थुङ माखिम सङ्जुम्भो परिवार**

प्रतिनिधिहरू:- कुमारी साम्बा, विरेन साउदेन (इलाम), चन्द्र सिंह नेम्बाङ (धनकुटा), नोगेन नेम्बाङ (पान्थर), देउमान साम्बा (आदिपुर), निर्मल विकल राई, 'सुर्य पृथक' माझी (उर्लाबारी), देवान सिं मादेन (ताप्लीजोङ), अर्जुन सेर्मा (ललितपुर) ।
मुद्रण:- श्रेष्ठ प्रिन्टीङ्ग प्रेस, दमक-झापा